# प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कक्षा १ देखि ३ सम्म पढ्ने सम्पूर्ण नेपाली विद्यार्थीको पढाइसिप सुधार गर्नका लागि युएसएआइडि/नेपालको आर्थिक सहयोगमा नेपाल सरकारको शिक्षा मन्त्रालयद्वारा सञ्चालित ५ बर्षे (२०१५-२०२०) परियोजना हो। सन् २०१४ को जुलाई १२ मा सुरु भएको यो परियोजनाले विशेषगरी सरकारको राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई प्राविधिक सहयोग प्रदान गर्दछ। राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम सरकारको विद्यालय क्षेत्र सुधार योजना अर्न्तगतको एउटा पाटो हो।

## लक्ष्य

नेपाल सरकारको राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको मुख्य लक्ष्य प्रारम्भिक कक्षामा पढ्ने विद्यार्थीहरूलाई उनीहरूले पढेका कुरा गहिरिएर पढ्ने, पढेका कुरा राम्ररी बुझ्ने र बुझेका कुरालाई मौखिक र लिखित अभिव्यक्तिद्वारा अरू समक्ष पुऱ्याउन सक्ने सिप प्रदान गर्नु हो। यो लक्ष्य प्राप्त गर्न १६ जिल्लाका सामुदायिक विद्यालयहरूमा कक्षा १ देखि ३ मा पढ्ने विद्यार्थीहरूलाई लक्षित गरी राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु भएको छ।

## गतिविधि

प्रारम्भिक कक्षा पढाइ कार्यक्रम मुख्यतः तिन क्षेत्रमा केन्द्रित छ।

१. प्रारम्भिक कक्षा पढाइ शिक्षण सिकाइमा सुधार गर्न उपयुक्त शैक्षणिक सामग्रीहरू तयार पार्ने र ती सामग्रीहरू कक्षा १ देखि ३ सम्म पढाउने शिक्षक-शिक्षिकाहरूलाई सहजै उपलब्ध गराउने। साथै शिक्षकहरूलाई आवश्यक तालिम तथा सल्लाह, सुझाव र सहयोग/सहजीकरण उपलब्ध गराउने।

२. प्रारम्भिक कक्षा पढाइसँग सम्वन्धित शैक्षिक पद्धतिको विश्लेषण गरी शैक्षिक सेवा प्रवाहमा सुधार ल्याउन नीतिगत सुधार गर्ने र कक्षा पढाइको स्तर निर्धारण गर्ने। साथै शिक्षासँग सम्वन्धित जनशक्तिका लागि योजना निर्माण र वित्तीय तथा मानवीय संसाधन व्यवस्थापनमा सुधार ल्याउने।

३. पैरवी र जनचेतनाको माध्यमबाट प्रारम्भिक कक्षा पढाइका लागि राष्ट्रिय तथा सामुदायिक तहमा पारिवारिक तथा सामुदायिक सहयोग बढाउने। पुस्तकालय, विद्यालय बाहिरको कार्यक्रम, जस्तो पढाइ क्लबहरू आदि मार्फत सामुदायिक सहयोग बलियो बनाउने।



## जिल्ला

प्रारम्भिक कक्षा पढाइ कार्यक्रम १६ जिल्लामा लागु भएका छन् । पहिलो चरणमा भक्तपुर, बाँके, कन्चनपुर, मनाङ, कास्की र सप्तरी गरी ६ जिल्ला र दोस्रो चरणमा बर्दिया, कैलाली, दाङ, डडेलधुरा, धनकुटा, डोल्पा, मुस्ताङ, पर्सा, रुपन्देही र सुर्खेत गरी १० जिल्ला छन् ।




USAID
अमेरिकी जनताबाट

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग, सानोठिमी